लुङग्री गाउँ कार्यपालिकाको बैठक मिति २०८१/०३/२० बैठक संख्याः २२

लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था.२०७३

## संवत् २०८१ साल असार २० गते बसेको कार्यपालिकाको २२औं बैठकका निर्णयहरूः

बैठकका प्रस्तावहरूः

१. सेवा इकाई सम्बन्धमा ।

२. कार्यविधि सम्बन्धमा ।

क) लुङ्ग्री गाउँपालिकाको मुहान दर्ता कार्यविधि, २०८१

३. विविध सम्बन्धमा ।

बैठकका निर्णयहरुः

१. **सेवा इकाई सम्बन्धमाः** नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग को प.स. २०८०।०८१, च.नं. ४३५, मिति २०८१।०२।३२ अनुसार आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि संघीय सरकारको वित्तीय हस्तान्तरण (सशर्त अनुदान) अन्तर्गत १ जना एम.आई.एस.अपरेटर र १ जना फिल्ड सहायकको मात्र लागत साझेदारी गरिने व्यहोराको पत्र लेखी आएकोले यस गाउँपालिकामा कार्यरत २ जना फिल्ड सहायकहरूको गत विगत आ.व. का कार्यसम्पादन मूल्यांकनलाई आधार लिई तुलनात्मक रूपमा उत्कृष्ट रहने १ जना फिल्ड सहायकको मात्र करार सम्झौता नविकरण गर्ने ।

२. **कार्यविधि सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको मुहान दर्ता कार्यविधि, २०८१ पारित गर्ने।

३. **विविध सम्बन्धमाः** देहायका विविध विषयहरूमा निर्णय गरिएको ।

क) लुङ्ग्री गाउँपालिकाको आर्थिक लगानी र डेभलपमेन्ट इनिसेशन नेपाल प्रा.लि., काठमाडौंको प्राविधिक सहयोगमा निर्मित लुङ्ग्री गाउँपालिकाको स्वास्थ्य क्षेत्रको पार्श्वचित्र (Health Profile) पारित गर्ने।

ख) गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा गठित रोजगार संवाद मञ्चको अनुमोदन गर्ने।

ग) कार्यालय प्रायोजनका क्रममा भएको सवारी दुर्घटनाको सवारी साधन मर्मत बिल पेश भएकोमा रु. १०,००० मात्र भुक्तानी दिने ।

घ) उच्च अदालत तुलसीपुरको प.स. ०८०।०८१, च.न. ५७६९, मितिः- २०८१।०३।१४ गते, मुद्दा नं. ०८०-WO-००३८ को अन्तिम फैसलामा निवेदक श्री कुमारी विष्टले पदस्थापना गरी जिम्मेवारी तोकी पाउँ भनी लुङ्ग्री गाउँपालिकाको कार्यालय समक्ष दिएको निवेदन मागका सम्बन्धमा उच्च अदालत तुलसीपुरबाट आवश्यक कारबाही गरी टुङ्गो लगाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)



भरत कुमार थापा
गा.पा.अध्यक्ष

भएकोले निवेदक श्री कुमारी विष्टलाई लुङ्ग्री गाउँपालिकाको स्वीकृत O & M अनुसार वडा नं. ५ स्थित स्वास्थ्य चौकी, बडाचौरमा स्वा.से./हे.इ., अधिकृतस्तर छैठौं पदमा पदस्थापना गराई स्वास्थ्य चौकी इन्चार्जको जिम्मेवारी दिने र श्री लेपेन्द्र बहादुर बुढाथोकीलाई स्वास्थ्य शाखामा सि.अ.हे.व., अधिकृतस्तर छैठौं पदमा पदस्थापना गराई स्वास्थ्य संयोजकको जिम्मेवारी दिने।

ङ) आगामी आर्थिक वर्ष २०८१।०८२ को विनियोजन ऐनबाट भुक्तानी हुने गरी १५ शैय्या अस्पतालको जग्गा सम्म पहुँच मार्ग निर्माणको प्रक्रिया तत्काल अगाडी बढाउने।

च) आगामी आ.व. २०८१।०८२ को जग्गाको न्यूनतम मूल्याङ्कनको लागि चालू आ.व. २०८०।०८१ कै मुल्यांकन यथावत् राख्ने भनी मालपोत कार्यालय लिवाङ, रोल्पामा राय लेखी पठाउने ।

छ) मालपोत कार्यालय लिवाङ, रोल्पाको प.स. २०७९।०८०, च.न. ९२५ मितिः- २०८०।०३।३१ गतेको पत्रानुसार मोठ स्रेस्ता बाइण्डिङ्ग तथा दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न रु. १,४०,०००।०० (अक्षरेपि एक लाख चालीस हजार रुपैयाँ मात्र) रकम माग भई आएकोमा रु. ४०,०००।०० (अक्षरेपि चालीस हजार रुपैयाँ मात्र) रकम उपलब्ध गराउने ।

ज) नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखाको प.स. ०८०।०८१, च.न. ४२२, मितिः- २०८१।०३।०५ को पत्रानुसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा यस लुङ्ग्री गाउँपालिका, रोल्पाले उक्त कार्यक्रममा सहभागी भई आयोजना सञ्चालन गर्न आयोजना प्रस्ताव पेश गर्ने र प्रस्तावित कुल आयोजना लागतको ५% (पाँच प्रतिशत) लागत साझेदारी गर्न प्रतिबद्धता गर्ने ।

<u>निर्णय प्रमाणित गरिएको छ।</u>

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

... कुमार थापा
गा.पा.अध्यक्ष